का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ वैशाख २०७९,
शनिबार
16 April 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ७० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## दुवै गठबन्धनमा वाम

# कार्यकर्तालाई लगाम








कांग्रेसले नेतृत्व गरेको गठबन्धनमा केन्द्रीय नीति तोड्न मनाही छ । एमालेले नेतृत्व गरेको गठबन्धनमा एमालेकै चुनाव चिह्न प्रयोग गर्नुपर्ने छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २ वैशाख ।

आसन्न स्थानीय तहको चुनावमा प्रष्ट दुई वटा गठबन्धन हुने भएको छ । एउटा गठबन्धनको नेतृत्व नेपाली कांग्रेसले गरेको छ भने अर्को गठबन्धनको नेतृत्व नेकपा एमालेले । कांग्रेसले सरकार चलाइरहेको छ भने एमालेले प्रमुख विपक्षीको भूमिका निभाइरहेको छ ।

राजनीतिक विश्लेषक र यस क्षेत्रका जानकारहरुका अनुसार प्रष्ट दुई गठबन्धन देखिने भएपनि यी गठबन्धन स्वस्थ र बैचारिक धरातल समान नभएकाले दिगोपनामा आशंका छ ।

राजनीतिक विश्लेषक विष्णु दाहालका अनुसार पाँच दलीय गठबन्धन बलियो रुपमा प्रस्तुत हुँदै गएपछि एमाले पनि साना दलहरु मिलाएर गठबन्धन गरेको बताउँछन् । तर, दुबै गठबन्धनमा भने केही विषय समान रुपमा देखा परेको उनको विश्लेषण छ ।

'दुबै गठबन्धनभित्र लगाम छ । दुबै गठबन्धनमा आवद्ध दलका नेता/कार्यकर्ताले केन्द्रीय नीति अनुसार चल्नुपर्ने हुन्छ' दाहाल थप्छन् 'कांग्रेस नेतृत्वको गठबन्धन भए केन्द्रले तोकेको उम्मेदवारलाई समर्थन गर्नुपर्छ । एमाले नेतृत्वको गठबन्धन भए सुर्य चुनाव चिह्नमा भोट हाल्नु अनिवार्य छ ।'

डा.दाहालले भने जस्तै असन्तुष्टीलाई सम्बोधन गर्नुको साटो कांग्रेसले केन्द्रीय नीति बिपरित नजान कार्यकर्ताहरुलाई निर्देशन नै जारी गर्न थालेको छ ।

शुक्रबार संखुवासभामा सत्तारुढ गठबन्धनका दलहरुबीच जिल्ला स्तरमा सहमति जुटाउने प्रयास भयो । सहमति हुन नसकेपछि कांग्रेस नेताहरु माओवादी केन्द्रसँग गठबन्धन हुने सम्भावना सकिएको संदेश दिँदै हिडे ।

कांग्रेस केन्द्रीय कार्यालय सानेपा ललितपुरमा बसिरहेको कांग्रेसको स्थानीय तह निर्वाचन परिचालन समितिसम्म यो संदेश आइपुग्यो । लगत्तै समितिले पार्टी केन्द्रले गरेको निर्णय अनुसार तालमेल प्रक्रिया अघि बढाउन मातहतका संरचनालाई निर्देशन जारी गऱ्यो ।

गठबन्धनलाई थप व्यवस्थित बनाउने भन्दै कांग्रेसले गरेको निर्देशनका पछाडि संखुवासभाको विषय समेत जोडिएको स्वमं कांग्रेस नेताहरु बताउँछन् ।

'स्थानीय स्तरमा रहेका नेता/कार्यकर्ताको कुरा पनि सुन्नुपऱ्यो । गठबन्धन पनि जोगाउनुपऱ्यो' एक नेता भन्छन्, 'कांग्रेसबाटै गठबन्धनमा रहेका दलहरुका बीचमा – बाँकी पृष्ठ २ मा

दुबै गठबन्धनभित्र लगाम छ । दुबै गठबन्धनमा आवद्ध दलका नेता/कार्यकर्ताले केन्द्रीय नीति अनुसार चल्नुपर्ने हुन्छ

■ **डा.विष्णु दाहाल**
*राजनीतिक विश्लेषक*

### प्रचार होड

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २ वैशाख ।

स्थानीय तहको निर्वाचन नजिकिएसँगै राजनीतिक दलहरु प्रचारप्रसारको होडबाजीमा लागेका छन् । नेकपा एमाले, नेपाली कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी लगायत दलले आफ्नो प्रचार भव्य बनाउने तयारी थालेका हुन् ।

नेकपा एमाले निकट युवा संघ र साइबर सर्कलले केही हप्ता अघि टिकटक प्रतियोगिता आयोजना गर्ने निर्णय गरको थियो । सर्कलका प्रमुख मदन भण्डारीका अनुसार, प्रथम पुरस्कार एक लाख, द्वितीय पुरस्कार पचास हजार र तृतीय पुरस्कार २५ हजार घोषणा गरिएको थियो । सर्त नै तोकेर एमालेले भिडिओ चैत २१ देखि २०७९ वैशाख ३० गतेसम्म अपलोड – बाँकी पृष्ठ २ मा

## सर्वोच्चले माग्यो जबराविरुद्धको कागजात

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ वैशाख ।



सर्वोच्च अदालतले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्धको महाभियोग प्रस्तावसँग सम्बन्धित कागजातहरु माग गरेको छ ।

महाअभियोगविरुद्ध सर्वोच्चमा परेको रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै शुक्रबार संवैधानिक इजलासले कागजात झिकाउन आदेश दिएको हो । अधिवक्ता डा. पुण्यप्रसाद खतिवडाले महाभियोगविरुद्ध सर्वोच्चमा रिट निवेदन पेश गरेका थिए । कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, डा. आनन्दमोहन भट्टराई, प्रकाशमानसिंह राउत र तेजबहादुर केसीसहितको संवैधानिक इजलासले अधिवक्ता त्रिलोकबहादुर चन्दले पेश गरेको अर्को निवेदनलाई साथैराख्न आदेश दिएको छ ।

प्रधानन्यायाधीश जबरानले सर्वोच्चको गरिमामा आँच आउनेगरी गतिविधि बढाएको, राजनीतिक दलहरूसँग भागबण्डाको लागि बार्गेनिङ गरेकोलगायत आरोप लगाउँदै प्रतिनिधिसभामा महाभियोग प्रस्ताव दर्ता भएको छ ।

सर्वोच्च अदालतले निलम्बित प्रधानन्यायाधीश जबराविरुद्ध महाअभियोगविरुद्ध सर्वोच्चमा परेको रिटमाथि प्रारम्भिक सुनुवाइ भएको छ ।

फागुन १ मा सत्तापक्ष कांग्रेस, माओवादी र एकीकृत समाजवादीका ९८ सांसदले संसद् सचिवालयमा जबराविरुद्ध महाभियोग प्रस्ताव दर्ता गराएका थिए ।

सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलका अनुसार अब संवैधानिक इजलासले झिकाइएका कागजात अध्ययन गर्छ । त्यसपछि मात्रै कारण देखाउ आदेश अनि अन्तरिम आदेश जारी हुने कि नहुने भन्ने विषयमा प्रवेश हुन्छ ।

अधिवक्ता डा. पुण्यप्रसाद खतिवडाले महाभियोग विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन पेश गरेका थिए । त्यही निवेदनमाथि शुक्रबार शुरुवाती बहस भएको हो ।

प्रतिनिधिसभामा दर्ता भएको जबराविरुद्धको महाअभियोग प्रस्तावमा संविधान र कानूनको गम्भीर उल्लघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको लगायत २१ आरोप लगाइएका छन् ।

जबराको राजीनामा माग गर्दै नेपाल बार एशोसिएसनले पनि लामो समयदेखि आन्दोलन गर्दै आएको थियो । सर्वोच्च अदालतका न्यायाधीशहरुले पनि लामो समय इजलास बहिस्कार गरेका थिए ।

जबराले राजीनामा नदिएपछि बारले महाअभियोग लगाउन दलहरुको ध्यानाकर्षण गरेको थियो । – बाँकी पृष्ठ २ मा

### प्रस्तावित २० राजदूतविरुद्ध उजुरी आह्वान

## संसदीय सुनुवाइ चुनावपछि

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ वैशाख ।



संघीय संसदको संसदीय सुनुवाइ समितिले प्रस्तावित २० राजदूतविरुद्ध उजुरी आह्वान गरेको छ । शुक्रबार सिंहदरबारमा बसेको समितिको बैठकले विभिन्न देशमा सिफारिस भएका २० राजदूतविरूद्ध उजुरी आह्वान गरेको हो ।

समिति सभापति लक्ष्मणलाल कर्णले यो विषयमा सार्वजनिक सूचना प्रकाशन गरी उजुरी दिन १० दिनको समय दिइने जानकारी दिए ।

**सुनुवाइ चुनावपछि**

प्रस्तावित राजदूतविरूद्ध उजुरी आह्वान भए पनि उनीहरूको संसदीय सुनुवाइ वैशाख ३० गतेको स्थानीय निर्वाचनपछि हुने सभापति कर्णले बताए ।

कर्णले भन्छन् 'अहिले समिति सदस्यहरू चुनावका कारण जिल्ला-जिल्ला जानुभएको छ । कोरम पुऱ्याउन कठिन छ । उजुरी आह्वान भए पनि सुनुवाइचाहिँ चुनावपछि होला ।'

संसदीय सुनुवाइ हुने नियुक्तिमा संसदीय प्रक्रिया सुरू भएको ४५ दिनभित्र सुनुवाइ भइसक्नु पर्छ ।

यसअघि गत चैत १४ गते सरकारले चीनसहित विभिन्न २० देशका राजदूत सिफारिस गरेको थियो । राजदूत सिफारिस भएकाहरूमा १२ जना राजनीतिक नियुक्तिका छन् भने ८ जना परराष्ट्र सेवाका छन् ।

राजनीतिक कोटाबाट राजदूतमा नियुक्ति सिफारिस भएकाहरुमा विष्णुपुकार श्रेष्ठ चीनका लागि, दानबहादुर तामाङ दक्षिण अफ्रिकाका लागि, शर्मिला पराजुली ढकाल, स्पेनका लागि, बासुदेव मिश्र श्रीलंकाका लागि, मिलन तुलाधर रसियाका लागि, कैलाश पोखरेल अस्ट्रेलियाका लागि, डिल्लीराज पौडेल मलेसियाका लागि, शान्ता रिजाल इजराइलका लागि, ज्योति प्याकुरेल दक्षिण कोरियाका लागि, प्राडा रामसुरज राय यादव डेनमार्क का लागि र नवराज सुवेदी साउदी अरबका लागि रहेका छन् ।

परराष्ट्र मन्त्रालयका उच्च तहका ८ कर्मचारीलाई पनि राजदूतमा नियुक्ति सिफारिस गरिएको छ । उनीहरुमा घनश्याम भण्डारी, हरिशचन्द्र घिमिरे, डोरनाथ अर्याल, सुशीलकुमार लम्साल, भरतकुमार रेग्मी, निर्मलराज काफ्ले, दुर्गाबहादुर सुवेदी र तिर्थराज वाग्ले रहेका छन् । – बाँकी पृष्ठ २ मा

## म्यानपावरको श्रम स्वीकृति अनलाइनबाट शुरू

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ वैशाख

वैदेशिक रोजगार कार्यालय, ताहाचल काठमाडौंले शुक्रबारदेखि संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत हुने श्रम स्वीकृतिको काम अनलाइन प्रणालीबाट प्रदान गर्न शुरूवात गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले वैदेशिक रोजगर कार्यालय ताहाचलबाट संस्थागत श्रम स्वीकृति अनलाइनबाट मात्र हुने व्यवस्थाको शुभारम्भ गरे ।

मन्त्री श्रेष्ठले सकेसम्म छिटो छरितो सेवा प्रदान गर्ने मन्त्रालयको प्राथमिकतालाई सूचना प्रविधिको प्रयोग गरी अनलाइन प्रणालीले सहयोग पुऱ्याउने बताए । गत माघदेखि पुनः श्रम स्वीकृतिको काम अनलाइनबाट मात्र गर्दा कार्यालयमा अनावश्यक भिडभाड हटेको भन्दै मन्त्री श्रेष्ठले संस्थागत श्रम स्वीकृतिपछि कार्यालय पूर्णरूपमा 'फेसले' हुने विश्वास लिएको उल्लेख गरे ।

कार्यालयले संस्थागत श्रम स्वीकृति, पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति दिने गरेको छ । कार्यालयबाट औसत प्रतिदिन एक हजार ५६५ जनाको अन्तिम श्रम स्वीकृति जारी हुने गरेको छ ।

मन्त्रालयका सचिव एकनारायण अर्यालले पनि सूचना प्रविधिको प्रयोग गरी अनलाइन प्रणालीबाट श्रम स्वीकृति प्रदान गर्दा रोजगारीका लागि विदेश जानेलाई सहज हुने धारणा राखे । वैदेशिक रोजगार प्रशासनलाई छिटो, छरितो र झन्झटमुक्त पारदर्शी बनाउन मन्त्रालयले सूचना प्रविधिको प्रयोग गरी अनलाइन प्रणालीबाट श्रम स्वीकृति प्रदान गर्न थालेको भन्दै सचिव अर्यालले कर्मचारीले पनि सोही अनुसारको सेवा प्रदान गर्नुपर्नेमा जोड दिए । कार्यालय प्रमुख रमेश अर्यालले श्रम स्वीकृतिलाई छिटो छरितो गर्न सेवा प्रवाहका ४ चरणलाई घटाएर २ चरणको बनाइएको जानकारी दिए । उनले चालु आर्थिक वर्षको चैतसम्ममा पुनः श्रम स्वीकृति, संस्थागत र व्यक्तिगत गरी ४ लाख ६४ हजार श्रम स्वीकृति जारी गरिएको बताए । त्यसमा पुनः श्रम स्वीकृतितर्फ २ लाख ११ हजार, संस्थागततर्फ २ लाख ३० हजार र व्यक्तिगततर्फ २३ हजार जनाको श्रम स्वीकृति भएको अर्यालले जानकारी दिए ।

वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेलले अनलाइन प्रणालीले गर्दा सेवा प्रवाहमा व्यापक सुधार भएको दाबी गर्दै श्रम स्वीकृतिका सम्पूर्ण सेवा 'फेसलेस' बनाइसकिएको अवस्थामा बिना कारण म्यानपावर कम्पनीका कर्मचारी कार्यालयमा देखिए सम्बन्धित संस्था र व्यक्तिलाई सचेत गराउनेलगायतका कारबाही हुने बताए ।




### हुण्डीबाट रकम नपठाउन दूतावासको आग्रह

काठमाडौं/मस- साउदी अरबस्थित नेपाली दूतावासले आधिकारिक मनी ट्रान्सफर कम्पनीमार्फत रकम नेपाल पठाउन नेपाली समुदायको ध्यानाकर्षण गराएको छ । दूतावासले एक विज्ञप्ति जारी गर्दै बैंकिङ वा आधिकारिक ट्रान्सफर माध्यमबाट रकम पठाउँदा सुरक्षित, भरपर्दो हुने स्मरण गराउँदै बैंक खाता नभए खाता खोल्न र आफ्नो खातामा पैसा पठाउने बानीको विकास गर्न समेत अनुरोध गरेको छ ।

नेपालबाट वैदेशिक रोजगारमा गएकाहरुले मनी ट्रान्सफर वा बैंकिङ माध्यमबाट स्वदेश रकम पठाउने कानूनी व्यवस्था भएपनि व्यापारीले बिना शुल्क तथा छिटो रकम घरमा पुऱ्याइदिने र कुनै कमिसन नलाग्नेलगायतका प्रलोभनमा परेर विदेशी मुद्रा हात पार्ने गरेका छन् । त्यसले नेपालले पाउने विदेशी मुद्रा घटेको छ ।

हुण्डी, हवालालगायतका माध्यमबाट स्वदेशमा रकम पठाउनु अवैधानिक मात्रै नभएर असुरक्षित पनि रहेको भन्दै दूतावासले अनौपचारिक माध्यमबाट रकम पठाउने र प्राप्त गर्ने व्यक्तिसमेत जुनसुकै समयमा समस्यामा पर्न सक्ने विज्ञप्तिमा उल्लेख गरेको छ ।

बैंकिङ प्रणालीमार्फत पठाइएको रकम नेपालको कानून अनुसार कुनै सम्पत्ति खरिद गर्न वा व्यवसाय गर्न आम्दानीको स्रोतको रुपमा देखाउन सकिने विषयमासमेत दूतावासले ध्यानाकर्षण गराएको छ ।

**नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार व्यवसायी एशोसिएसनको निर्वाचन सहितको ११ औं साधारणसभा सम्बन्धी सूचना**

नेपाली काँग्रेसको शुभेच्छुक संस्था यस नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको **निर्वाचन सहितको ११ औं साधारण सभा मिति २०७९ साल बैशाख ०७ गते बुधबार**का दिन आयोजना हुन गईरहेको ब्यहोरा सम्पूर्ण सदस्यज्यूहरूलाई सहर्ष जानकारी गराउदैं निर्वाचनमा भाग लिनको लागि **मिति : २०७९।०१।०५ गतेभित्रमा एशोसिएसनको कार्यालयमा आईपुग्ने गरी** एशोसिएसनसँग आबद्ध सम्पूर्ण बैदेशिक रोजगार ब्यवसायी सदस्य संस्थाहरूले अनिवार्य आ-आफनो सदस्यता नवीकरण गरी आफ्नो संस्थाबाट साधारणसभामा सहभागिताको लागि प्रतिनिधि दर्ता गराई साधारणसभालाई सफलतापूर्वक सम्पन्न गराउन यहाँहरूको सक्रिय सहभागिताको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**जय नेपाल !**

आबश्यक कागजातहरू
१. कम्पनीको लेटरहेडमा निवेदन
२. सेयर लगत प्रमाणपत्रको प्रतिलिपि
३. नागरिकता वा राहदानीको प्रतिलिपि
४. पार्सपोर्ट साईजको २ प्रति फोटो
५. तोकिएको लेवी

**भवानी निरौला**
**महासचिव**

**नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४४६६४२८
कार्यालय सचिव: ९८५१२३७५०१ । ईमेल: ndfeefforum@gmail.com

# मधेस प्रदेशसहित मिथिलाञ्चल क्षेत्रमा जुरशीतल पर्व मनाइयो

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २ वैशाख

मधेस प्रदेशसहित मिथिलाञ्चल क्षेत्रमा जुरशीतल पर्व हर्षोल्लासपूर्वक मनाइएको छ।

प्रत्येक वर्ष वैशाख २ गते बिहानै घर र बस्तीका मान्यजन (ज्येष्ठ नागरिक)ले आफूभन्दा कान्छोलाई तालुमा जलसिँचन गरी थपथपाएर आर्शीवाद दिने चलन रहेको छ। सूर्यको तापबाट ब्याकुल मानव जीवनलाई शीतलता प्रदान गर्नु यस पर्वको मुख्य उद्देश्य रहेको मानिन्छ। ज्येष्ठ नागरिकले आफ्ना सन्तानलाई शितल जलले 'जुडाउनु' को कारण हो- मस्तिष्कले शीतलता पाई वर्षभरी काममा सफता पाइरहुन्।

यो पर्वमा सूर्य उदाउनु अघि आमाबुवा, काकाकाकी र हजुरबुवा तथा हजुरआमाहरुले एक हातमा चोखो पानी भरेको लोहोटा बोक्छन् र अँजुलीमा पानी लिएर परिवारदेखि छरछिमेकका आफूभन्दा साना सदस्यको टाउकोमा थप्थपाएर आर्शीवाद दिन्छन्।

जुरशीतल प्रकृतिपूजाको पर्व हो। जुरशीतलमा मानव मात्र नभई रुखविरुवा समेतलाई जुडाउने (जलसिंचन) चलन छ। यो पर्वलाई



मीठो खाने पर्वकोरुपमा समेत लिइन्छ।

विभिन्न किसिमका तरुवा, करीबरी, सजिनाको तरकारी, टिकुलाको चटनी लगायतका परिकार पकाई ईष्टदेवलाई चढाई भोजन गर्ने गरिन्छ। सो दिन (वैशाख २ गते) राति चुल्होमा आगो बालेर खाना पकाउन नहुने मान्यता पनि छ।

अघिल्लो रात पकाएका बासीखाना खानाले शीतलता प्राप्त हुन्छ, भन्ने जनविश्वासले यो चलनले निरन्तरता पाएको बताइन्छ। यस पर्वलाई सतुआइन तथा बैशाखी पनि भन्ने गरिन्छ। यसमा पूर्खाका लागि भनेर नलले भरेको घैटो, सतुवा, जौ, आँपको टिकुला तथा पङखा ब्राम्हणहरुलाई दान गर्ने परम्परा रहेको छ।

साथै गृहिणीहरुले इष्टदेवलाई पुरैनिको पातमा सतुवा, सक्कर तथा आँपको टिकुलाबाट बनाइएको चटनी (आचार) चढाउने चलन छ।

विक्रम संवतको आधारमा आरम्भ हुने नयाँवर्षको पहिलो र दोस्रो दिन यो पर्व मनाउने गरिन्छ। यो दुई दिवसीय पर्व हो। पहिलो दिन वैशाख १ गतेलाई सतुवाइन भन्ने गरिन्छ भने दोस्रो दिन अर्थात वैशाख २ गतेलाई जुरशीतल भन्ने गरिन्छ।

आत्मीयता बढाउनका लागि मनाईने यो पर्वले भातृत्वको भावना तथा एकआपसमा प्रेम गर्ने सन्देश दिने गरेको छ। जुरशीतलको दिन खेत, खलिहान, आँगन, दलान, गाईबस्तु, रुखबिरुवासहित सबै जीवप्राणीलाई पानीले सिँचित गरेर शीतलता प्रदान गर्ने भएकोले यो पर्वलाई शान्ति, भातृत्व, सद्भाव र प्रकृतीको पर्वको उपमा दिने गरिएको छ।

जुरशीतलको दिन कृषिमा आधारित तथा गाउँघरमा उत्पादित अन्न, फलफूल तरकारी र दूधदहीको परिकार खाने चलन छ। त्यस अवसरमा चिचिलोको तरुवा, सजिनाको तरकारी, करी र बडीजस्ता परिकार महत्वपूर्ण र अनिवार्य मानिन्छ।

विक्रम संवतको आधारमा आरम्भ हुने नयाँवर्षको पहिलो र दोस्रो दिन यो पर्व मनाउने गरिन्छ। यो दुई दिवसीय पर्व हो। पहिलो दिन वैशाख १ गतेलाई सतुवाइन भन्ने गरिन्छ भने दोस्रो दिन अर्थात वैशाख २ गतेलाई जुरशीतल भन्ने गरिन्छ। गहुँ, जौ र बदामको सतुवाजस्ता भर्खरै फलेको सुपाच्य अन्न खाएर सुरुभएको नयाँ वर्षको उत्सवको उत्सव दोस्रो दिन अर्थात् वैशाख २ गते भव्य र धुमधामकासाथ मनाइएको छ।

जुरशीतलको अवसरमा मधेस प्रदेश सरकारले प्रदेशभरी सार्वजनिक बिदा दिएको थियो।

# बबई गाउँपालिकामा सञ्चार डेस्क स्थापना

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, २ वैशाख

प्रेस चौतारी नेपाल बबई कमिटीले स्थानीय तह निर्वाचन अवधीभर सञ्चार डेस्क स्थापना गर्ने भएको छ। कमिटीका संयोजक हिमाल खड्काको अध्यक्षता बसेको पहिलो बैठकले वैशाख ३० गते हुने निर्वाचनका लागि सञ्चार डेस्क स्थापना गर्ने र त्यसको सम्पूर्ण जिम्मेवारी प्रेस चौतारी बबईका सचिव रामप्रसाद सुवेदीलाई दिने दिने निर्णय गरेको हो।

साथै गाउँपालिका अध्यक्ष,



उपाध्यक्ष र सातै वडामा नेकपा एमालेका तर्फबाट अध्यक्षमा उम्मेद्वार दिनेहरुको चुनावी प्रचारप्रसार सम्बन्धी सम्पूर्ण गतिविधिहरुको समाचार संकलनका लागि १ उम्मेद्वार १ पत्रकारको व्यवस्था गर्ने निर्णय गरेको छ।

चुनावी सूचना तथा समाचार संकलनार्थ गाउँपालिका अध्यक्षको उम्मेद्वारका लागि प्रेमबहादुर राम्जा र हिमाल खड्का, उपाध्यक्षका लागि सुहाना सुनार, वडा नम्बर १, २, ३, ४, ५, ६ र ७ का लागि क्रमशः पवित्रा कवर, दुर्गा घर्ती, चन्द्रा वली, दिपक परियार, रामप्रसाद सुवेदी, डिल्ली चौधरी र डम्बर बहादुर पुनलाई परिचालन गर्ने निर्णय गरेको छ।

बबई गाउँपालिकाका अध्यक्ष भुवनेश्वर पौडेलको प्रमुख आतिथ्यता एवं प्रेस चौतारी नेपालका दाङ जिल्ला उपाध्यक्ष प्रेम बहादुर राम्जाको बिशिस्ट आतिथ्यता बैठक सम्पन्न भएको थियो।

# कृष्णनगरमा शुरू भयो नयाँ ट्राभल्स



**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, २ वैशाख

कपिलवस्तुको कृष्णनगरमा नमस्ते हाम्रो स्वर्गद्वारी टूर एण्ड ट्राभल्स सञ्चालनमा आएको छ। नगरपालिकाको वडा नम्बर १ मा रहेको ट्राभल्सको शुक्रबार उद्घाटन गर्दै नेकपा माओवादी केन्द्र कृष्णनगरका अध्यक्ष जावेद आलम खाले सफलताको शुभकामना व्यक्त गरे। साथै उनले आफूले व्यवसायीहरुलाई निरन्तर सहयोग गर्दै आएको र अगामी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

यस्तै, होटल व्यवसायी संघ कृष्णनगरका अध्यक्ष शिवा घिमिरेले कोरोना कहरले आफूहरु पनि संकटमा परेकाले सहकार्य गरेर अगाडि बढ्नका लागि आग्रह गरेका थिए।

कार्यक्रममा ट्राभल्सका अध्यक्ष इन्द्र बहादुर खड्काले नेपालदेखि भारतको कर्नाल, पटियाला, चण्डीगढ़, लुधियाना, जलन्धर, अमृतसर, होसियार पुर, मुनालीलगायतको ठाँउमा आवत जावतको व्यवस्था मिलाइएको बताएका थिए।

कार्यक्रममा पश्चिम नेपाल बस व्यवसायी संघ कृष्णनगरका इन्चार्ज आन्नद भण्डारी, सह-इन्चार्ज निर्मल पराजुली, राप्ती सार्वजनिक यातायातका इन्चार्ज शाहिद खान, ईलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरीक्षक शैलेन्द्र पाण्डेय, बिओपी कृष्णनगरका प्रतिनिधि, समाजसेवी, होटल व्यवसायी, शिक्षा प्रेमी, यातायात व्यवसायी, पत्रकार, सुरक्षाकर्मीलगायतको उपस्थिति रहेको थियो।

### दुवै....

तालमेलको संभावना सकियो भन्नुले गठबन्धनभित्रै राम्रो संदेश प्रवाह गर्दैनथ्यो त्यसलाई चिर्ने प्रयास भएको छ।'

पार्टी उपसभापति तथा कांग्रेसको स्थानीय तह निर्वाचन परिचालन समितिका संयोजक पूर्णबहादुर खड्काले गठबन्धनका बाध्यता बुझिदिन कार्यकर्तालाई आग्रह गरे।

'अहिले गठबन्धन हाम्रो रहर होइन। बाध्यता हो' उनले भने, 'संविधान जोगाउन गठबन्धन बनेकाले गठबन्धन जोगाउनु हाम्रो बाध्यता छ।'

तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान उल्लंघन गरी प्रतिगमनतर्फ मुलुकलाई लगेपछि कांग्रेसले नेतृत्व गरेर सरकार चलाइरहेको स्मरण पनि संयोजक खड्काले गरे।

गठबन्धनको सरकार सञ्चालन गरिरहेका बेला निर्वाचन हुन लागेकाले सोही दल मिलेर निर्वाचन लड्ने कुरा सजिलो हुने खड्काको निष्कर्ष छ। उनले लचिलो भएर प्रस्तुत हुन समेत नेता/कार्यकर्तालाई आग्रह गरे।

'अहिले गठबन्धनमा आ-आफ्नो विचार राखौं। लचिलो गरी पनि छलफल गरौं र पार्टीले सर्वसम्मत ढंगबाट चुनावी तालमेल गर्ने निर्णय गरेकाले त्यसका विरुद्धमा मत राख्ने काम नगर्नुहोला।' खड्काले भने।

आजसम्म बोलेपनि अब चुनावी तालमेलका विरुद्धमा नबोल्न कांग्रेसको कडा निर्देशन छ।

'सम्बन्धित निकायले उम्मेदवार चयन सकेसम्म सर्वसम्मत गर्नुहोला। सर्वसम्मत गर्न सक्नुभएन भने तहगत रुपमा माथि पठाउनुहोला। सकभर तलै मिलाउने काम गर्नुहोला,' खड्काले भनेका छन्।

उता एमालेले पनि गठबन्धनभित्र केन्द्रीयताको लगाम लगाएको छ। एमालेसँग गठबन्धनमा जोडिएका राप्रपा नेपाल र नेपाल परिवार दलका नेता/कार्यकर्ता र मतदाताले सुर्य चुनाव चिह्नमा भोट हाल्नुपर्ने छ।

किनभने एमालेले राप्रपा नेपाल र परिवार दलसँग चुनावी तालमेल गर्ने गरी गरेको सहमति पत्रमा दुबै दलले सूर्य चुनाव चिन्हबाट चुनावी प्रतिस्प्रधा गर्ने उल्लेख छ। दुबै दलका उम्मेदवारले पनि स्र्यर चुनाव चिह्नबाटै प्रतिुप्रधा गर्नेछन। यसो गर्दा यी दुबै दलको स्वतन्त्र अस्तित्व स्थापित गर्ने नेता/कार्यकर्ताको प्रयास केन्द्रीय नीतिका कारण धकेलिन पुगेको छ।

### प्रचार...

गरिसक्नु पर्ने पनि जनाएको छ। भिडिओ व्यक्तिगत रूपमा सिर्जना गर्नुपर्ने, एमालेले अघि सारेका योजना र विकासमा आधारित हुनुपर्ने, भिडिओ दुई मिनेटको हुनुपर्नेमा एमालेको जोड थियो। त्यसैगरी सत्तारुढ नेपाली कांग्रेसले पनि स्थानीय तहको निर्वाचन केन्द्रीय प्रचार प्रसारमा सहयोग पुग्ने भिडियो निर्माण गर्नेलाई पुरस्कृत गर्ने घोषणा गरेको छ। केन्द्रीय प्रचार प्रसार समिति अन्तर्गतको संस्कृति समन्वय उपसमितिले पार्टीको पक्षमा उत्कृष्ट श्रव्य दृश्य भिडियो निर्माण गर्नेलाई पुरस्कृत गर्ने निर्णय गरेको हो।

उक्त समितिका संयोजक डी.बी गुरुङले कांग्रेसको चुनावी प्रचारका लागि निर्माण गरिएका गीतहरू मध्ये दर्शक, श्रोता र छनोट समितिको निर्णयकाआधारमाउत्कृष्टलाई नगर पुरस्कार दिने जानकारी दिए। राम्रो प्रचार सामग्री बनाउनेका लागि२ लाख७५ हजार रुपैयाँको पुरस्कारको राशि रहेको कांग्रेसले बताएको छ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले पनि भिडियो, पोस्ट, फोटो र घोषणा मार्फत् आफ्ना पार्टीको प्रचार तीव्र बनाएका छन्। उनीहरुले पार्टीका कार्यकर्ता नेताहरुलाई गाउँगाउँ जान अपिल गर्नेदेखि प्रचारको कामलाई तीव्र बनाउन निर्देशन समेत गरिरहेका छन्। साना दल र स्वतन्त्र उम्मेदवारको पनि प्रचारप्रसारको होडबाजी बढेको छ। आफ्ना एजेण्डालाई सामाजिक सञ्जालमा प्रचार गरेर उनीहरु मत मागिरहेका छन्।

यद्यपि, निर्वाचन आयोगको आचार संहिताले निर्वाचन प्रचारप्रसार गर्दा निर्वाचन चिह्न वा झण्डा अङ्कित लोगो, स्टिकर, कपडा, टोपी, क्याप, गन्जी, टी-सर्ट, गम्छा, ज्याकेट, मास्क, लकेट आदिलगाउननहुने पनिशर्त राखेको छ। त्यसैगरी सार्वजनिक स्थलमा दलका झण्डा, निर्वाचन चिह्न आदि टाँस्न र राख्नपनि रोक लगाइएको छ। आयोगले प्रचारप्रसारदेखि सामाजिक सञ्जालभित्र आयोगले फेसबूकदेखि टिकटकसम्ममा प्रचारका लागि प्रयोग भएका भिडियोको निगरानी गरी कारबाही गरिने जनाएको छ। तर, आयोगले कतिपय राजनीतिक दलको प्रचार र अभिव्यक्तिलाई लिएर स्पष्टीकरण माग गरिरहेको छ। यद्यपि, राजनीतिक दलका नेता कार्यकर्ताहरुले आफ्नो पार्टीको प्रचारलाई तीव्र बनाउनेलाई पुरस्कार दिने, पोस्टरहरु बनाउने, कार्यकर्ता आफूतिर आकर्षित गर्ने गरिरहेका छन्।

### सवोच्चले...

महाअभियोग प्रस्ताव दर्ता भएपछि बारले आन्दोलन स्थगन गरेको छ।

**विवादित विगत**

वकालत गर्दागर्दै चोलेन्द्र ०५३ बैशाख १ गते तत्कालीन पुनरावेदन अदालतको अस्थायी न्यायाधीश नियुक्त भएका थिए।

लामो समय अस्थायी न्यायाधीश भएका उनी पछि विशेष अदालतको सदस्य पनि भए।

पुनरावेदन अदालत बुटवलको कामु मुख्य न्यायाधीश भइरहेकै बेला उनी ०७१ मा सर्वोच्च अदालतको न्यायाधीश नियुक्त भएका हुन्। उनी सन् १९९६ देखि पुनरावेदन अदालत हुँदै न्यायालयमा प्रवेश गरेका हुन्।

काठमाडौंको सुकेधारा गणेशगौरी मार्गका स्थायी बासिन्दा जबराले कानूनमा स्नातक (डीएल) सम्म अध्ययन गरेका छन्। उनले सन् २०१३ मा कोरियामा न्यायालयको विकास सम्बन्धी तालिमसमेत लिएका छन्।

उनी ०७१ जेठमा सर्वोच्च अदालतको स्थायी न्यायाधीश बनेका थिए। त्यसबेला संसदीय सुनुवाई समितिमा एमाले र माओवादीले जबराको विपक्षमा मत दिएका थिए। तर पछि, उनी एमाले र माओवादी मिलेर बनेको नेकपाकै साथ पाएर प्रधानन्यायाधीश बनेका थिए। उनले २०७५ पुस १८ गते प्रधानन्यायाधीश पदको कार्यभार सम्हालेका थिए। तर मन्त्रिपरिषद सदस्यको भागबण्डा लगायतका काण्डमा मुछिएपछि उनी विवादित बने।

सहकर्मी न्यायाधीशहरुले नै उनीसँग बेन्च सेयर गर्न मानेका थिएनन् भने कानून व्यवसायीहरुले उनको राजीनामा माग्दै प्रदर्शन जारी राखेका थिए।

उसो छ न्यायाधीश हुँदा तासलाई मनोरञ्जन खेल भनेर ब्याख्या गर्दै आफ्नो विगत विवादित बनाउँदै आएका पात्र हुन जबरा। प्रधानन्यायाधीश भएर मन्त्रिपरिषदमा भागवण्डा नै खोजेपछि जबराले महाअभियोगको सामना गर्नुपरेको छ।

**प्रस्तावित**

सरकारले सिफारिस गरेका प्रस्तावित राजदूतहरुको नाम संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

## सार्वजनिक सुनुवाईसम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति २०७९/१/३**

जे. भूमि वाइनरी प्रा.लि. ले बागमति प्रदेश, ललितपुर जिल्ला, गोदावरी नगरपालिका, वडा नं ५ मा स्थानन्तरण गर्न लागेको वाइन तथा ब्राण्डी उत्पादन गर्ने उद्योगको हाल प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी कार्य भइरहेको छ। वातावरण संरक्षण ऐन २०७६ को दफा ३ को उपदफा ५ र वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ को प्रावधान अनुसार वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नुपर्ने व्यवस्था अनुरुप मिति २०७९/१/४ गते दिनको १ बजे उद्योग स्थान्तरण हुन लागेको स्थान परिसरमा आयोजना गरिने सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी भई राय सुझाव प्रदान गरिदिनुहुन अनुरोध गरिन्छ।

आयोजक
**जे. भूमि वाइनरी प्रा.लि.**
गोदावरी नगरापलिका वडा नं. ५, लेले
फोन :- ९८५१०-९८५९०
Email : rabinstha@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०१/१० मा दर्ता भएको **प्रा.लि. नं. ९२५९१** को **बायो ल्याव प्रा.लि.** को मिति २०७९/०१/०२ मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/११/०५ मा दर्ता भएको **प्रा.लि. नं. ५१७६५** को **ककनी माउण्टेन भ्यू प्रा.लि.** को मिति २०७८/१२/३० मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०५/२० मा दर्ता भएको **प्रा.लि. नं. १२६३१४** को **राजिव एण्ड रिसु सप्लायर्स प्रा.लि.** को मिति २०७८/१२/३० मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/१०/२८ मा दर्ता भएको **प्रा.लि. नं. १४५०७३** को **म्यानेजमेन्ट इन्फरमेशन सेयरिंग सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१२/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## साउदीमा रोजगार | कम्पनी : DAYWAY SAUDI ARABIA CONTRACTING CO.
शहर: JEDDAH

स्वीकृत मितिः२०७८/०९/२९ चलानी नं.:६०१७२६६५ L.T. No.: 255130 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ वैशाख १० गते (23 April 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. ४४/०४९/०५०
पो.ब.नं. ८९७५, इपिसी १८२१, गोंगबु, काठमाडौं, नेपाल, फोनः ४३८३९१३
E-mail: info@upesoverseas.com, upesoverseas@vianet.com.np


## Aathbiskot Municipality
## Office of the Municipal Executive
Aathbiskot, Rukum (West)
Karnali Province, Nepal

## Invitation for Bids

Contract Identification No: **AMO/NCB/W-1/2078/079 & AMO/NCB/W-2/2078/079**
Date of publication (2nd time): **2079/01/03 B.S. (16th April, 2022)**

1. Aathbiskot Municipality Office invites electronic bids from eligible bidders for the following work under National competitive Bidding (NCB) procedure. Some of the qualification criteria are mentioned below, through the details are:

| S. N. | Contract No. | Description of work | Price of Bid Document (NRs.) | Bid Security Amount (NRs.) | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1. | AMO/NCB/ W-1/2078/079 | Construction of RCC frame structure school building of Shree Saikumari Secondary school, kheta-01, Aathbiskot Municipality. | 3000.00 (Non-Refundable) | 450000.00 | 16 April 2022 12:00 Noon | 01 May 2022 14:00 PM |
| 2. | AMO/NCB/ W-2/2078/079 | Construction of 2 storey 8 room RCC frame structure school building of Shree Saraswoti Basic School, Syala-02, Aathbiskot Municipality. | 3000.00 (Non-Refundable) | 450000.00 | 16 April 2022 12:00 Noon | 01 May 2022 14:00 PM |
| Place to Purchase & Submit the Bid Document | | | | PPMO'S website: www.bolpatra.gov.np/egp | | |
| Account details for the payment of non-refundable bid document fee | | | | Bank Name: Century Commercial Bank<br>Bank Address: Aathbiskot Municipality 09, Rukum (west)<br>Account holder's Name: Aathbiskot Municipality Office<br>Account Number: 0920000017GE (Revenue Account) | | |
| Account details to furnish the bid security amount | | | | Bank Name: Century Commercial Bank<br>Bank Address: Aathbiskot Municipality 09, Rukum (west)<br>Account holder's Name: Aathbiskot Municipality Office<br>Account Number: 0920000004GE (Dharauti Khata) | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# लामो समय बित्दा समेत पूरा हुन सकेन हुलाकी सडक

**राम पुकार यादव/मध्यान्ह**
सिराहा, १ वैशाख

सिराहाको सप्तरीदेखि बागमतिसम्मको हुलाकी सडक निर्माण शुरु भएको लामो समय वितिसक्दा पनि पूरा हुन सकेको छैन ।

नेपालमा पछिल्लो समय विकास निर्माणले तिव्रता लिन थालेको भन्ने गरिएतापनि सिराहमा भने त्यो लागू हुन सकेको छैन । अझै पनि यस क्षेत्रमा विकासका गतिविधिहरु सुस्त नै रहेका छन् ।

जनताले सोचेको जस्तो विकासका गतिविधिहरु हुन नसकेको सिराहका स्थानीय दुखेसो गर्छन् ।

उनीहरु भन्छन्, 'सिराहमा विकासले विगतमा नै गति लिनुपर्ने हो तर हुन सकेन ।'

शिक्षा क्षेत्रमा पनि खासै परिर्तन हुन नसकेको स्थानीय बताउँछन् ।

अघिल्लो पुस्ताले सडक पूर्वाधारका विकास गर्न सकेको भए अहिले सामाजिक विकासले गति लिने उनीहरु बताउँछन् ।



परिणाममा विकास पूर्वाधारहरु केहि विकास भएपनि मधेसी समाज, समुदायको स्तर भने माथि उठ्न सकेको छैन । हुनत् मधेसी जस्तै देशको अरु समुदायहरुको अवस्था पनि त्यस्तै छ ।

हुलाकी सडक जो पचासौं वर्ष पहिला नै निर्माण सम्पन्न गइसक्नुपर्ने थियो । तर यस सडक निर्माण गति लिन सकेन । हुलाकी सडकको दुबै छेउको पेटि र पेटि बाहिर मधेसी यादव समुदायहरुको बसोबास गरेको छ ।

सिराहाको सप्तरीदेखि बागमतीसम्म यो रोडसँग टाँसिएर करिब ९५ प्रतिशत मधेसी यादव समुदायहरु नै छन् ।

बलियो अर्थतन्त्रसहित राज्यलाई सबल पार्ने यी सडक पेटिका मधेसी समुदायहरु किन पछाडि पारिए ? राज्य किन निरिह देखियो ? यो आफैँमा प्रश्नको विषय बनेको छ ।

पचास वर्ष पहिले बनिसक्नुपर्ने हुलाकी सडक अहिले पनि मेचीदेखि महाकालीसम्म पूर्ण रुपले बन्न सकेको छैन ।

पूर्व पश्चिम हुँदै तराईका वस्तीहरूमा यातायातको सहज पहुँच विस्तार गर्ने लक्ष्य लिएको हुलाकी राजमार्ग आ.व. २०६५/६६ मा शुरु गर्ने र आ.व. २०७४/७५ मा सम्पन्न गर्ने योजना थियो । तर यो प्रारम्भिक अनुमान सफल भएन । पछि संशोधन गऱ्यो । संशोधित कार्यतालिका अनुसार आ.व. २०७७/७८ सम्पमा सम्पन्न गर्ने लक्ष्य लिइयो ।

यो सम्पन्न गर्ने लक्ष्य रहँदा रहँदै पनि हालसम्म पूर्णता हुन सकेको छैन ।

रोड छेउछाउका कृषक यादव समुदाय भन्छन्, 'मेरा बाउ पुर्खाहरुले कालोपत्रेमा हिँड्न पाएको भए पचास वर्ष पहिलादेखि शासन सत्तामा हुन्थे ।'

'हुलाकी सडकले पूर्णता पाउँदै हामी पचास वर्ष पछाडि पारिएका मधेसी समुदायको विकासमा पनि विभेदि जन्जिर पूर्ण रुपले खुलोस्' उनीहरु भन्छन् । कूल १६६३ कि.मि.कालोपत्रे सडक मधेसी समुदाकै लागि होइन देशकै अर्थतन्त्रको मजबुद साधन हुनसक्ने उनीहरुको विश्वास रहेको छ ।

स्थानीय निर्वाचन

# दैलेखमा मतदानस्थलको निरीक्षण शुरु

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २ वैशाख

आगामी वैशाखमा हुने स्थानीय तहको निर्वाचन लागि दैलेखमा मतदान स्थलको निरीक्षण तथा अनुगमन गर्न शुरु गरिएको छ । जिल्ला सुरक्षा समिति दैलेखका ११ स्थानीय तहमा आगामी वैशाख ३० हुने हुने स्थानीय तहको निर्वाचन सुरक्षा रणनीति बनाउन मतदान स्थलको निरीक्षण तथा अनुगमन गरिएको हो ।

निर्वाचन तयारीका लागि डुङ्गेश्वर गाउँपालिकाका विभिन्न स्थानमा रहेका मतदान केन्द्रहरूको स्थलगत अनुगमन र अवलोकन गर्ने काम शुरु भएको छ ।

अनुगमन टोलीमा दैलेखका प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेल, जिल्ला निर्वाचन अधिकारी मनमाया कौउचा, सेनानी बिनोद चौलागाई, प्रहरी नायव उपरीक्षक भुवनेश्वर प्रसाद साह, डुङ्गेश्वर गाउँपालिकाकी उपाध्यक्ष सीता ज्ञवाली, डुङ्गेश्वर गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत डेवेन्द्र खड्का, पत्रकार लगायतको टोलीले मतदानस्थलहरुको स्थलगत अनुगमन कार्य सुरुवात गरेका हुन् । निर्वाचनमा मतदान स्थलहरुको स्थलगत अवलोकन एवं निरीक्षण गरी निर्वाचनलाई भयरहित तथा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्दै मतदान गर्न पाउने आम नागरिकको हक अधिकारलाई सुनिश्चित गर्न सुरक्षा समितिका पदाधिकारीहरुद्वारा उक्त मतदानस्थलहरुको अवलोकन गरिएको प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले बताए ।

मतदान स्थलको अवस्था, निर्वाचनका सामग्रीहरू पुऱ्याउनको लागि सडकको अवस्था र निर्वाचनपछि मुख्य निर्वाचन अधिकृतको कार्यालयसम्म सुरक्षित तरिकाले मतपेटिका ल्याई मतगणना सम्पन्न गर्ने उद्देश्यले मतदान स्थलको निरीक्षण तथा अनुगमन गरिएको प्रमुख जिल्ला अधिकारी प्याकुरेलले जानकारी दिए ।

उनले दैलेखका ११ स्थानीय तहका विभिन्न ठाउँमा अनुगमन गर्ने जारी छ । मतदान केन्द्रहरूको अनुगमनको क्रममा मतदान स्थलको भौतिक अवस्था, बाटो, शौंचालयलगायतको बारेमा जानकारी लिएको उनले बताए ।

यस्तै निर्वाचनको मितिलाई ख्याल गर्दै पर्याप्त दैलेखमा तयारी भइरहेको जिल्ला निर्वाचन कार्यालय दैलेखकी कार्यालय प्रमुख मनमाया काउचाका बताइन् ।

'हामीले योजनाबद्ध रूपमा काम गरिरहेका छौँ । निर्वाचनका लागि आवश्यक पर्ने काम द्रुत रूपमा अघि बढिरहेको वैशाख ३० गते हुने निर्वाचन गर्न आर्थिक प्राविधिक लगायत सबै हिसावमा तयारी अवस्थामा रहेको छ' उनले भनिन् । दैलेखमा १ सय २६ मतदान स्थल र २ सय ७ वटा मतदान केन्द्र छन् ।

# सन्तान प्राप्तिको लागि पोखरीमा डुबुल्की



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २ वैशाख

सिरहाको लक्ष्मीपुर गाउँपालिका ३ मा रहेको पतारी पोखरीमा निःसन्तान दम्पतीहरुको भीड लागेको छ ।

निःसन्तान महिलाहरु सन्तान प्राप्तिको आशामा शुक्रबार पतारी पोखरीमा डुबुल्की लगाएका हुन् ।

पोखरीको डिलमा हरेक वर्ष वैशाख २ गते भव्य मेला लाग्ने गर्छ । मेलामा भारतको उत्तरी बिहारका पटना, मधुवनी, दरभंगा, जयनगरसहित नेपालका विशेष गरी तराई र मधेस प्रदेशले छोएका विभिन्न जिल्लाहरुबाट निःसन्तान दम्पतीहरु सन्तान प्राप्तिको आकांक्षासहित यहाँ आउने गरेका छन् । सन्तान प्राप्तिको आकांक्षासहित आउने निःसन्तान दम्पतीहरुको भीडले मानिसहरुमा अझैं अदृश्य शक्तिमा विश्वास रहि रहेको छ ।

करिब १० बिघा क्षेत्रफलमा फैलिएको पोखरीको दक्षिणी किनारमा रहेको मन्दिर (गहवर) को पूर्वी ढोकामा वैशाख १ गते साँझदेखि निरन्तर १८ घण्टासम्म निराहार बसेर भोलिपल्ट मध्याह्न गहवरभित्र रहने विशेष आराधना (कोकिया गुहाइर)बाट अक्षता लिएर गहवरको उत्तरी गेटबाट सिँधै पोखरीमा हाम फाल्नुपर्ने मान्यता छ ।

त्यसरी हाम फालेपछि पोखरीमा पहिलो डुबुल्कीमै पानीभित्र कुनै पनि जीव भेटिए सन्तान हुने विश्वास गरिन्छ । पानीमा भेटिएको जीव मुट्ठिमै राखेर दौडिँदै गाउँको सीमा पार गर्नुपर्ने मान्यता अनुरुप पोखरीबाट निस्केका भक्तजनहरुको पछिपछि आउने आफन्तले गाउँको सीमा कटेपछि कपडा फेरिदिने गर्दछन् । कपडा फेरेर आफ्नो घर पुगेपछि पानीबाट ल्याएको जीवको बुटी बनाएर व्रत बसेका महिलाले पाखुरा या घाँटीको मालामा राखे सन्तान प्राप्त हुने जनविश्वास रहेको छ ।

पतारी पकडियाका राजा कुलेसरका कान्छा भाई हरिसिंहदेवको निवासस्थल रहेको लोकनायक सलहेश गाथामा उल्लेख छ । यो पोखरी राजा सलहेशकै पालामा वि. सं. १३२५ तिरदेखि अस्तित्वमा रहेको मानिएको छ ।

**प्रथम पटक प्रकाशित मिति २०७९।१।३ (सूचना नं. ००२/०७८/७९ लिलाम)**

विभिन्न श्रोतहरुवाट संकलन गरी यस कार्यालय अन्तरगत स.डि.ब.का. विमलनगर र स.डि.ब.का. देवघाटको हाता भित्र घाटगद्दीमा रहेका लट नं. १ देखी २ सम्मका विभिन्न प्रजातीको गोलिया काठ र दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्दी वोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले यो २१ (एक्काईस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**श्री डिभिजन वन कार्यालय**
**तनहुँ, दमौली फोन नं. ०६५५६३१३५**

## अधिकृत वारेसनामा बद्दर गरिएको सूचना

श्री उदयपर जिल्ला अदालतबाट म अधिकृत वारेस दिने जगत कुमार राईले हरि बहादुर राईको नातिनी, दान बहादुर राईको छोरी, जिल्ला उदयपुर त्रियुगा नगरपालिका वडा नं. १० बस्ने ना.प्र.नं. १४१००६/१०१९३५ उदयपुरबाट प्राप्त बर्ष ३३ की सुष्मा राईलाई मिति २०७८/१०/०५ गते तपशिल बमोजिमको जग्गा बिक्रि वितरण वा सट्टापट्टा गर्न वा हालैको बकसपत्र गरिदिने वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्ने वा कानुन बमोजिम रजिष्ट्रेशन गर्नको लागि अधिकृत वारेशनामा मुकरर गरेको थिएँ । उक्त अधिकृत वारेशनामा आजैका मिति देखि बद्दर गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराएको छु ।

**तपशिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | किसिम | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|---|
| उदयपुर | भुमरसुवा | ४ (क) (चार क) | १४८२ (एक हजार चार सय बयासी) | भि.अ. | ०-१-७.७५ (एक कट्ठा पौने आठ धुर) | जगत कुमार राई बाबु:- किर्तिमान राई बाजे:-अकलमान राई |

## बरहथवामा कांग्रेसको ४१ सदस्यीय टोल समिति गठन

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २ वैशाख

नेपाली कांग्रेस सर्लाहीले बरहथवा नगरपालिका-१५ हरपुर्वामा ४१ सदस्यीय टोल समिति गठन गरेको छ । घरघर जाऔं, कांग्रेस जिताऔं अभियानलाई निरन्तरता दिँदै कांग्रेस सर्लाहीले होशनारायण पासवान, रवीन्द्र महतो र रौशन यादवसहित ४१ सदस्यीय टोल समिति गठन गरेको हो ।

कार्यक्रममा बोल्दै मधेश प्रदेशका महिला बालबालिका युवा तथा खेलकुदमन्त्री वीरेन्द्रप्रसाद सिंहका स्वकीय सचिव निकेश त्रिपाठीले चुनावको बेला झुटो आश्वसन दिनेहरुको विश्वास गर्न आग्रह गरेका थिए । साथै उनले युवा उम्मेद्वार श्याम कार्कीलाई जिताउन अपिल गरेका छन् । कार्यक्रममा पलधारी राय, निकेश त्रिपाठी, राम उदय राय लगायत पार्टीका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाके**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७९/०१/०३**

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरुको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | विवरण | स्वीकृत हुने फर्मको नाम | कवोल अकं (मु.अ. कर सहित) |
|---|---|---|---|
| BANKE/KOMUN/G/NCB-01/2078/079 | Supply And Delivery of Laptop For Kolhapur Municipality Office Banke | Silkroad Investment & Trading P.ltd, Kathmandu | 5319923.99 |
| BANKE/KOMUN/G/NCB-02/2078/079 | Supply And Delivery of Sanitary Pad for Kolhapur Municipality office banke | Lomas Surgical House, Nepalgunj banke | 1999483.02 |
| BANKE/KOMUN/G/NCB-03/2078/079 | Supply And Delivery of Power Tiller and Mini Tiller For Kolhapur Municipality Office Banke | D-Kam Micro systems, Tikapur, Kailali | 2895000 (भ्याट बाहेक) |


## मलेसियामा रोजगार

१. कम्पनी: SRI LANANG PROTECTIVE SDN BHD
शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०१/०२ चलानी नं.: ६०१७७९२९ L.T. No.: 261737

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय धोविघाट, ललितपुरमा २०७९ वैशाख १२, १३ र १४ गते सम्म (25, 26 & 27 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**

जि.पि.ओ.बक्सः २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com



## कतारमा रोजगार

कम्पनी: NEW IMAGE BUILDING SERVICES GULF STATE COMPANY
शहर: DOHA

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Yacca याक्का ओभरसिज इम्प्लोइमेण्ट कन्सल्ट प्रा. लि.**
श्रम इजाजत नं. १७८/०५७/०५८
महाराजगञ्ज, धारामार्ग, काठमाडौं, नेपाल, फ्याक्सः ४४३२६६६
फोनः ४४३२१११, ९८०१०३७७६९, ९८०१०३७७५६, ९८०१०३७७६७

# जिम्बावेसँगको खेल तालिका सार्वजनिक


**काठमाडौं/मस–** नेपाली क्रिकेट टिमले घरेलु मैदानमा जिम्बावे 'ए' टिमसँग तीन एकदिवसिय र तीन टी २० खेलको सिरिज खेल्दैछ । जसका लागि जिम्बावे 'ए' टिम अप्रिल २८ मा काठमाडौं आइपुग्ने भएको छ । नेपालले सुरुवातमा जिम्बावे ए टिमसँग एकदिवसिय सिरिज खेल्नेछ ।




जसमा पहिलो खेल अप्रिल ३० ताखिरमा हुनेछ भने दोस्रो खेल मे दुई तारिखमा हुनेछ । त्यसपछि नेपालले तेस्रो खेल मे चारमा खेल्नेछ । टी २० सिरिज अन्तर्गत नेपालले पहिलो खेल खेल मे ६ मा खेल्नेछ भने दोस्रो खेल मे सात र अन्तिम खेल मे नौं मा खेल्नेछ । जिम्बावे ए टिम पहिलो पटक नेपालमा ५० ओभर र टी २० सिरिजका लागि आउन लागेको हो ।

अमेरिका भ्रमणमा जान अगाडि नेपाली टिमले अन्तिम पटक घरेलु मैदानमा सिरिज खेल्नेछ । जिम्बावेको ए टिम आउने भएकाले यसलाई आइसीसीले एकदिवसिय र टी २० मान्यता भने दिनेछैन । जसका कारण लिष्ट ए मा राखिने भएको छ ।

# 'एसिया कपमा स्थान बनाउन सकिँदैन'



**काठमाडौं/मस–** नेपाल राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले नेपाली टिम एसिया कपमा स्थान बनाउन नसक्ने बताएका छन् । अब्दुल्लाहले समूहमा बलियो टोली रहेको र छनोट पार गर्न असम्भव रहेको जनाउँदै टिम छनोट हुन नसक्ने बताए । 'हाम्रो समूह निकै बलियो छ । सत्यता यो नै हो । हामी छनोट हुन सक्दैनौं,' शुक्रबार दशरथ रंगशालामा अब्दुल्लाहले भने । उनले टोलीको रणनीति तयार भएको र टप फाइट दिने बताए ।

एएफसी एसिया कप छनोटको तेस्रो चरणको तयारीका लागि शुक्रबारबाट नेपाली राष्ट्रिय टोलीले दशरथ रंगशालामा आफ्नो प्रशिक्षण शुरु गरेको छ । पहिलो दिनको प्रशिक्षणमा कप्तान किरण कुमार लिम्बू र देवेन्द्र तामाङ बाहेक अन्य खेलाडीको उपस्थित रहेको थियो । किरण र देवेन्द्र पारिवारिक कारण उपस्थित भएनन् । किरण भने माल्दिभ्सको शीर्ष डिभिजन लिगमा व्यस्त छन् । छनोटको समूह ए मा रहेको नेपालसँगै जोर्डन, कुवेत र इन्डोनेसिया छन् । तीनै टोली फिफा वरीयतामा नेपालभन्दा माथि छन् । छनोटको सबै खेल कुवेतामा हुनेछन् । यसअघि नेपाली टोलीको मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले छनोटका लागि २५ सदस्यीय नेपाली टोलीको घोषणा गरिसकेका छन् ।


## मलेसियामा रोजगार | कम्पनी: CAPVEST SECURITY SDN BHD
शहर: Selangor

पूर्व स्वीकृत मिति: २०७८/१२/२९ चलानी नं.: ६०१७७८८० L.T. No.: 261466

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1200 | ३४,४७६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले | रु. १,५००/- रोजगारदाताले | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख १० गते (23 April 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**UTSAV H.R. SOLUTION PVT. LTD.**
Pingalasthan-9, Gaushala, Kathmandu, E-mail: info.utsavhrsolution@gmail.com
Mobile: 9817051856, 9806008270,9815998546,9852686077,9851171553 Tel.: 4484436
Govt. Lic. No. 1459/074/075

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : Amna Bint Hassan Bin Hassan Yahya Hadi restaurants for serving meals(CR-4030395129)

पूर्व स्वीकृत मिति: २०७९/०१/०२ चलानी नं.: ६०१७७९४३ LT. No.:261720 शहर : RIYADH

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 6 | 0 | स. काममा दक्ष | 1200 | ३८,९१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख १० गते (23 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**NEW ALFA H.R. SERVICES PVT. LTD.**
श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४
Maharajgung-3, Kathmandu | Tel: 9851091508, 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

## UAE मा वैदेशिक राजगार | कम्पनी:. ORIENT CLEANING SERVICES शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०१/०२ चलानी नं.: ६०१७७९२५ L.T. No.: 261759

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 0 | 7 | स. काममा दक्ष | 1200 | ३९,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ बैशाख १० गते (23 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4362686, 4385786, 4385784, 9801059991, 9801059992, 9801059993 9801059994, 9801059997, 9855046574,
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal

## मलेसियामा रोजगारको अवसर | कम्पनी: SPURS INDUSTRIES (M) SB.
शहर:Selangor

पूर्व स्वीकृत मिति : २०७९/०१/०२ चलानी नं. : ६०१७७९३२ LT. No.: 261779

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | स. काममा दक्ष | 1200 | ३४,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख १० गते (23 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
साबिक: Taiba Rise Management PVT.LTD
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:taiba.rise@gmail.com

## साउदीमा रोजगार | कम्पनी: SKOON BEVERAGE SERVING ESTABLISHMENT
शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०१/०२ चलानी नं.: ६०१७७९४२ L.T. No.:261780

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1500 | ४८,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ११ गते (24 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**रोलेक्स रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब.नं. २१५७९,महाराजगंज, काठमाडौं । फोन: ४७२१११४, ४७२०५४२, फ्याक्स: ४२२११२८
Email:- rolex.nepal@gmail.com
श्रम इजाजत नं. ५२१/०६१/०६२


नेपाल सरकार
**अर्थमन्त्रालय**
**भन्सार विभाग**
**सत्ति भन्सार कार्यालय**
टीकापुर कैलाली

## सवारी साधन लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०७९/०१/०३**

भन्सार चोरी पैठारी अभियोगमा विभिन्न मिति मापक्राउ परि जफत भएका र मूल्यांकन समितिबाट न्युनतम मूल्य कायम भएका देहाय बमोजिका सवारी साधनहरु शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने प्रयोजनको लागि भन्सार नियमावली, २०६४ को नियम ३५ (१) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र निम्न शर्तहरुको अधीनमा रही बोलपत्र खरिद गरी नियमानुसार दर्ता गर्न हुन आह्वान गरिन्छ ।

| सि.नं. | मुद्दा नं. | प्रकार | उत्पादन बर्ष | क्षमता | रङ्ग | इन्जिन नं. | च्यासिस नं. | न्यूनतम रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 3 | HF DELUX | 2014 | 97.2 | RED BLACK | HA11EEC9J10732 | MBLHA11EUC9J06129 | 15000 |
| 2 | 31 | PASSION PRO | 2014 | 97.2 | BLACK SILVER | HA10EDCHD29113 | MBLHA10EWCHD26583 | 15000 |
| 3 | 78 | HERO HONDA | 2014 | 97.2 | BLACK | HA10EA8HM63399 | MBLHA10EJ8HM2906 | 15000 |
| 4 | 79 | APACHE | 2016 | 160CC | GREEN | 0E4HG2054466 | MD634KE49G2H08153 | 29550 |
| 5 | 79 | SUPER SPL | 2014 | 124.7 | RED | JA05EA99A10917 | MBLJA05EE99A10935 | 15000 |
| 6 | 83 | SUPER SPL | 2014 | 124.7 | BLACK | JA05EBB9F15597 | MBLJA05EGB9F15388 | 15000 |
| 7 | 72 | KTM DUKE | 2019 | 125CC | BLACK ORANGE | 9-901*35335* | MD2JPAYB6KC029509 | 255790 |
| 8 | 85 | SUPER SPL | 2014 | 124.7 | BLACK | JA05ECE9D19541 | MBLJA05EME9D19797 | 15000 |
| 9 | 106 | SUPER SPL | 2014 | 124.7 | BLACK | HA10EA9HMA8398 | MBLHA10EJ9HM51765 | 15000 |
| 10 | 107 | SUPER SPL | 2014 | 124.7 | WHITE | JA05EBC9A20332 | MBLJA05EGC9A20568 | 15000 |
| 11 | 107 | HONDA SHINE | 2014 | 125CC | BLACK RED | JC58E-T-3527183 | ME4JC589KEJ340184 | 15000 |
| 12 | 108 | PULSAR | 2017 | 220CC | RED | DKYCHK83771 | MD2A13EY2HCK07107 | 50330 |
| 13 | 108 | BULLET | 2017 | 350CC | BLACK | U3S5C1HL200445 | ME3U3S5C1HL216247 | 44070 |
| 14 | 108 | PULSAR | 2014 | 220CC | BLACK | DKZCEC32844 | MD2A13EZ4ECC42836 | 15000 |
| 15 | 108 | SUPER SPL | 2014 | 124.7 | BLACK | JA05EBB9J16160 | MBLJA05EGB9J16081 | 15000 |
| 16 | 119 | LIBERO | 2012 | 110CC | RED | 5TS4118101 | 06K5TS4118101 | 15000 |
| 17 | 124 | PASSION PRO | 2014 | 97.2 | BLACK | HA10EDBGH35552 | MBLHA10EWBGH13400 | 15000 |
| 18 | 124 | LIBERO | 2012 | 110CC | RED SILVER | 5TS5012210 | 05H5TS5012210 | 15000 |
| 19 | 135 | UNICORN | 2016 | 150CC | BLACK BLUE | KG09E4047054 | ME4KC098K78044405 | 15000 |
| 20 | 140 | SUPER SPL | 2014 | 124.7 | BLACK | JA05ECG9F44420 | MBLJA05EMG9F15050 | 15000 |
| 21 | 140 | PASSION PRO | 2014 | 97.2 | RED | HA10EDAGD57013 | MBLHA10EWAGD48224 | 15000 |
| 22 | 140 | SUPER SPL | 2014 | 124.7 | RED | JA05ECG9F46747 | MBLJA05EMG9F51270 | 15000 |
| 23 | 140 | YBR YAMAHA | 2013 | 110CC | BLACK RED | 5TSK003961 | ME15TS0K7D2003948 | 15000 |
| 24 | 140 | UNICORN | 2012 | 150CC | BLACK | KC09E6223210 | ME4KC09CBC8217476 | 15000 |
| s25 | 144 | BULLET | 2017 | 350CC | SILVER | U3S5C1HG557513 | ME3U3S5C1HG958623 | 99200 |
| 26 | 144 | BULLET | 2017 | 350CC | GREY | U3S5C1HM227114 | ME3U3S5C1HM564027 | 44070 |
| 27 | 144 | BULLET | 2015 | 350CC | WHITE | U3S5C1FC183544 | ME3U3S5C1FC184435 | 20960 |
| 28 | 149 | HONDA SHINE | 2018 | 125CC | BLACK | JC36E9177057 | ME4JC366C88096647 | 23930 |
| 29 | 150 | PULSAR | 2014 | 198.84CC | RED BLACK | JLZCEM66297 | MD2A36FZ6ECN71414 | 19290 |
| 30 | 151 | PULSAR | 2014 | 220CC | BLUE BLACK | DKZCED37127 | MD2A13EZ4ECD46386 | 15000 |
| 31 | 152 | BULLET | 2018 | 350CC | GREY | U3S5C2KF551081 | ME3U3S5C2KF566803 | 125000 |
| 32 | 181 | LIBERO | 2012 | 110CC | BLACK SILVER | 5TS033025 | 03D5TS033025 | 15000 |

(३३) विभिन्न प्रकारका ७० थान दर्ता गर्न नमिल्ने (पत्रु) मोटर साईकलहरु जम्मा मूल्य रु.३,२८,९२०।-

(३४) ई.नं. BS74K66600 चे.नं. MA1TB2BSL72K98876 मोडल नं. २००७ को दर्ता गर्न नमिल्ने (पत्रु) स्कारपियो जिप १ थान, मूल्य रु.१०४०००।-

**शर्तहरु**

१. बोलपत्र फाराम दस्तुर रु १ लाख सम्मको मूल्यको सवारी साधनको लागि रु ३००।- र एक लाखभन्दा माथि दश लाख सम्मको लागि रु १,०००।-(पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको लेखा शाखाबाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउँदा आफूले लिन चाहेको सवारी साधनको सि.नं. उल्लेख गरी रु १०।- को टिकट टाँसी फर्मको हकमा ईजाजत र करचुक्ता प्र.पत्रको फोटोकपी र व्यक्तिको हकमा नेपाली नागरिकताको फोटोकपी सहितको निवेदन पेश गर्नु पर्नेछ ।

३. सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र बोलपत्र खरिद गर्न सकिनेछ । यसरी खरिद गरिएको बोलपत्र २२ औं दिनको १२:०० बजे भित्र दर्ता गरिसक्नु पर्नेछ । दर्ता गरिएको बोलपत्रहरु सोही दिनको १४:०० बजे उपस्थित प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खरिद र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन नियमानुसार खरिद तथा दर्ता हुनेछ ।

४. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुनआउने रकमको.ले.नि.का. धनगढी, कैलालीको रा.वा.बैंक धनगढीमा रहेको एकल धरौटी खाता नं. **४१७०१००१०२०३०००० ख २-३** धरौटी (सत्ती भन्सार कार्यालयको कोड नं. **३०५०३७७०२**) मा जम्मा गरेको सक्कलै भौचर बोलपत्र साँथ पेश गर्नुपर्नेछ ।

५. बोलपत्र फाराममा राखिएको सबै शर्त पूरा भएका, न्यूनतम मूल्य भन्दा बढी कबोल गरेका बोलपत्रहरु मध्येबाट सबैभन्दा बढी कबोल गर्नेको नाममा बोलपत्र स्वीकृत गरिनेछ । स्वीकृत बोलपत्रवालाले स्वीकृत भएको सूचनाप्रकासितभएकोमितिले सातदिनभित्रकबोल अंक र नियमानुसारको सम्पूर्ण कर रकमबुझाई सवारी साधन उठाई लै जानु पर्नेछ । सवारी साधन उठाई नलेगेमा निजले धरौटी वापत राखेको १० प्रतिशतको रकम जफत गरी भन्सार नियमावली २०६४ को नियम ३६ को उपनियम ४ बमोजिम न्यूनतम मूल्य भन्दा बढी कबोल गर्ने क्रमशः दोश्रो, तेश्रो र चौथो घटी वालाको कबोल अंकको बोलपत्र स्वीकृत गरी निजहरुलाई सवारी साधन उठाई लैजान क्रमशः समय दिइनेछ । यसरी दिएको समय सीमा भित्र उठाई नलगेमा क्रमशः दोश्रो, तेश्रो र चौथो घटी अंकवालाहरुले राखेको धरौटी रकम जफत गरी पून:लिलाम गरिनेछ ।

६. लिलाम विक्री गरिएका सवारी साधनहरु जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा लैजानु पर्नेछ । इन्जिन नंम्बर, चेसिस नंम्बर तथा उत्पादन वर्ष र सि.सि. खुल्न नसकेका सवारी साधनहरु खरिदकर्ता स्वयमले सम्बन्धित निकायबाट खुलाउनु पर्नेछ । लिलामबाट सकार गरेको सवारी साधनहरुको प्रचलित ऐन नियमानुसार दर्ता गराउने दायित्व लि( लाम सकार गर्नेको नै हुनेछ ।

७. बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराममा सही छाप गरेको हुनुपर्नेछ । आफूले लिलाममा लिन कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । सच्याईएको वा केरमेट भएको बोलपत्रम ।अक्षरलाई मान्यता दिईनेछ र केरमेट भएको स्थानमा सही गरेको हुनुपर्नेछ । कुनै पनि शर्त राखी पेश गरेको बोलपत्र मान्य हुनेछैन ।

८. सि.नं. ३३ र ३४ का दर्ता गर्न नमिल्ने (पत्रु) मा विक्री गर्ने भनी उल्लेखित गरिएका सवारी साधन दर्ता हुने छैन । उक्त पत्रुमा लिलाम विक्री गरिएका सवारी साधन यस कार्यालयको रोहवरमा आफ्नै खर्चमा बोलपत्रवालाले टुक्र्याएर लैजानु पर्नेछ ।

९. प्रत्येक सि.नं.को छुट्टाछुट्टै बोलपत्र खरीद गरी सोही बमोजिम छुट्टाछुट्टै पेश गरी दर्ता गराउनु पर्नेछ । प्रत्येक सवारी साधनको धरौटी वापतको छुट्टाछुट्टै बैंक भौचर सक्कलै प्रति फाराम साँथ संलग्न गर्नुपर्नेछ । बैंक भौचरको छाँयाप्रतिलाई मान्यता दिईने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पून:लिलामको सूचना प्रकाशित गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । अन्य शर्तहरु प्रचलित ऐन नियम बमोजिम हुनेछन् । थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

मध्यान्ह
www.madhyanhadaily.com

३ वैशाख २०७९, शनिबार
16 April 2022, Saturday

# बक्स अफिस समाचार

## दमकबाट नेपथ्यको पुनरोदय



**दमक/मस–** महामारीकालीन लामो विश्रामपछि नयाँ वर्षकै दिन नेपथ्यको भव्य पुनरोदय पूर्वको शहर दमकबाट भएको छ। एकपछि अर्को 'लकडाउन'ले दुइ वर्षसम्मै बिथोलिएको यो सहर बिहीबार फेरि जागेको देखिन्थ्यो। साँझ पर्दै गएपछि सरस्वती माध्यमिक विद्यालयको फराकिलो फुटबल मैदान पूर्वाञ्चलभरिबाट भेलाभएका युवायुवतीले टन्नै भरिएको थियो भने मञ्चबाट छरिएको उज्यालोका आभाले भुइँदेखि लिएर आकाशसम्मलाई चम्किलो बनाएको थियो।

यस्तै माहोलका बीच टोलीसहित उपस्थित ब्याण्डका मुख्य गायक एवं अगुवा अमृत गुरुङले नयाँ वर्षको शुभकामना प्रकट गर्दा दर्शक दीर्घाबाट चर्को आवाजका साथ स्वागत गरिएको थियो। अमृतले कन्सर्टको प्रारम्भ नै पूर्वी नेपालबाटै संकलित गीत 'कोशीको पानी यो जिन्दगानी'' बाट गरेका थिए। उक्त गीत उनले पैदल यात्राका क्रममा चैनपुरवासी पुराना लोकगीत साधक डिल्ले दमाइबाट संकलन गरेका थिए।

त्यसपछि लाङटाङ क्षेत्रबाट संकलन गरिएको 'भैंडाको ऊनजस्तो' हुँदै 'छेक्यो छेक्यो', 'लामपाते सुरती', 'चरी मऱ्यो' अनि 'जोमसोमे बजार'ले निरन्तरता दिउन्जेल मैदानका अधिकांश भागमा नृत्यरत तन्नेरीहरु देखापर्न थालिसकेका थिए। मुलुकका फरक फरक भेगको प्रतिनिधित्व गर्ने यी गीतहरु प्रस्तुत गर्दाका क्रममा अमृतले उपस्थित श्रोता दर्शकलाई आफ्नो देश घुम्न र यसलाई बुझ्न अनुरोध पनि गरिरहेका थिए। चुनावको माहोलमा डुब्दै गरेको दमकमा उपस्थित दर्शकलाई उनले मतदानका निम्ति प्रोत्साहित गर्दै भविष्यका प्रति आशावादी हुन हौस्याए। मुलुकमा ब्याप्त बेथितिका चर्चा गर्नुका साथै नयाँ वर्षसँगै सकारात्मक सोचको विकास गर्न आव्हान पनि गरे।

करिब दुई दसकअघि 'शान्तिको लागि शिक्षा' अभियानका साथ नेपथ्य दमकमा उपस्थित हुँदा व्यवस्थित होटल समेत नपाइएको यो शहरको हेर्दाहेर्दै कायाकल्प भएकामा उनले खुशी प्रकट गरे। त्यतिबेला कन्सर्टबाट उठेको रकमले शहरकै उत्तरी कुनामा रहेको हिमालय माध्यमिक विद्यालयको भवन निर्माणमा सघाउने काम गरिएको थियो।

'मै मरि जाउँला', 'शिरफूल शिरैमा', 'जोगले हुन्छ भेट', 'आँगनै भरि' देखि 'यो जिन्दगानी' सम्म एकपछि अर्को सर्वकालीक हिट गीत सुनाउँदाकै क्रममा बाह्रौं गीतको पालो आउँदा भने माहोलमा नयाँ तरंग फैलियो। त्यतिबेला नेपथ्यले कन्सर्टका दर्शकहरुलाई आफ्नो नयाँ गीत सुनाउने जमर्को कसेको थियो:

*'लेकैको लालीगुराँस, काली काली केशलाई*
*साइँली मोरीलाई*
*पाखैको चिसो बतास, डाली डाली फूललाई*
*साइँली मोरीलाई'*

गीतकार मन्जुलले १९ वर्षकै उमेरमा रचना गरेको यो गीति कविता पछि पुस्तकका रुपमा पनि प्रकाशित भयो। 'पुस्तक पढ्दैगर्दा यो कविताले मलाइ मोहित पारेको थियो,' अमृत भन्छन्, 'बारम्बार पढेकाले कविता कण्ठस्थै थियो।' तर, उक्त कवितालाई गीतमा ढाल्ने काम भने अमृतले निकै पछि गरेका रहेछन्। 'झण्डै एक दसकअघि म पैदल यात्रा गर्दै पूर्वतर्फ लाग्दा एउटा दृश्यले मलाई भित्रैदेखि रोमाञ्चित बनाएको थियो,' उनी भन्छन्, 'ओखलढुंगाको कोष भञ्ज्याङमा हिँड्दा हिँड्दै उत्पन्न त्यो रोमाञ्चकताले नै मलाई त्यस पुरानो कविताको सम्झना गराइदियो।' अमृतका अनुसार त्यस दिन भर्खर विहे गरेर आएको एउटा जोडी केही छिनको निम्ति सहयात्री बन्न पुगेका थिए। उनले त्यस जोडीको तस्बिर खिच्न खोजे। तस्बिर खिचाउँदै गर्दा हौसिएका बेहुलाले अचानक श्रीमतीको कुममा हात राखे। बेहुली पहिरनमा रंगीएकी नवविवाहिताको अनुहार त्यसबखत राताम्मे बन्न पुगेको थियो।

'त्यो दृश्यले मलाइ यस्तरी झक्झक्यायो,' अमृत भन्छन्, 'त्यसको दुइ तिन दिनमै दिक्तेलतर्फ उक्लँदै गर्दा लालीगुराँसले राताम्मे डाँडामा बसेर मैले त्यस कवितालाई संगीतबद्ध पारेको हुँ।' गीतको अर्को अन्तरा अलिक बेग्लै सुनिन्छ:

*'कलकले पानीको छलछले छाँगा*
*छाँगाले पारेको चिसो सियाल*
*साइँली मोरीलाई'*

अमृतका अनुसार त्यो अन्तरालाई खोटाङको निर्मली भञ्ज्याङबाट भोजपुरको चखेवातर्फ उक्लँदै गर्दा बाटोमा पर्ने झरना देखेपछि संगीतवद्ध गरिएको थियो। 'यसरी दशक अगाडि पूर्वाञ्चलको पैदल यात्रामा तयार पारेको गीतलाई मैले नयाँ परिवेशसहित सुरुभएको नयाँ वर्षकै दिन पारेर पूर्वाञ्चलकै कन्सर्टमा कोसेलीस्वरुप पहिलोपटक प्रस्तुत गरेको हुँ,' अमृतले स्पष्ट पारे।

जति रात पर्दैगयो उति रमाउँदै गएका दर्शकसामु त्यसपछि पनि नेपथ्यले लगातार 'गाउँ गाउँबाट उठ', 'हिमाल चुचुरे', 'मै नाचे छमछमी', 'तालको पानी' र 'रेशम' हुँदै अन्त्यमा 'रातो र चन्द्रसूर्जे' प्रस्तुत गरेपछि विदा लिएको थियो।

कन्सर्टमा उपस्थित दर्शकहरु पूर्वाञ्चलका विभिन्न भेगबाट आइपुगेका देखिन्थे। तिनैमध्ये नेपथ्यलाई अनुभव गर्नका निम्ति बिर्तामोड देखि आएका जन्मैदेखि नेत्रज्योति गुमाएका विवेक भट्टराई पनि थिए।

आफूजस्तै अवस्थाका साथी रमेश चौलागाइसँगै आएको जानकारी दिइरहँदा उनी अर्कोतिर मञ्चबाट आइरहेको आवाजमा आवाज मिलाएर गाउने क्रमलाई पनि जारी राख्दै थिए। 'गीत भनेको सुन्ने कुरा नै हो,' कन्सर्टका बेला दृश्य अनुभव गर्न नपाए पनि आफुलाई कुनै पछुतो नभएको बताउँदै उनले थपे, 'नेपथ्यका गीत सुनेरै हुर्केका कारण असाध्यै रमाइलो लागिरहेको छ।'

पाँच हजार दर्शकले भरिएको भीडमै कन्सर्ट हेर्नकै निम्ति सिक्किमको सोरेङबाट आएका नविन र विश्वास लिम्बु अनि सिक्किमकै गेजिङबाट आएका मन्दिप सुब्बा पनि देखिन्थे। आफूहरुले सिक्किमको जुनसुकै भेगमा आयोजना हुने नेपथ्यको कन्सर्टमा सदैव उपस्थिती जनाउँदै आएकोमा यसपाला लामो समयको न्याश्रो मेट्नका लागि नेपालकै यात्रासमेत गरेको जानकारी उनीहरुले दिए।

स्थानीय 'नेपाली टच' र 'ध्रुवतारा स्पोर्टिङ क्लब' को अगुवाइमा आयोजना गरिएको कन्सर्टमा गायक अमृतलाई सँधैझै ड्रमसेटमा ध्रुव लामा, किबोर्डमा सुरज थापा, बेस गितारमा सुविन शाक्य, गितारमा निरज गुरुङ र मादलमा शान्ति रायमाझीले सघाएका थिए।

## 'प्रेमगन्ज'को टिजर कपीराइट फ्रि धेरै दर्शक ल्याउनेलाई पुरस्कार




**काठमाडौं/मस–** चलचित्र 'प्रेमगन्ज'ले ज्यादाभन्दा ज्यादा दर्शकमाथि पुग्ने भन्दै टिजरलाई कपीराइट फ्रि गर्ने निर्णय गरेको छ। भोलि सार्वजनिक हुने टिजरलाई जोकोहीले पनि आफ्नो माध्यममा राख्न सक्नेछन्। निर्देशक परिच्छेद सेनले फिल्मको टिजर युट्युब, फेसबुक, टिकटक इन्स्टामा निर्धक्क राख्न सकिने जानकारी गराएका छन्।

निर्देशक सेनले यसरी राखिएको टिजरमा सर्वाधिक दर्शक ल्याउने तीनै प्लेटफर्मका विजेतालाई पुरस्कारको पनि घोषणा गरिएको जानकारी गराएका छन्। तीन प्लेटफर्ममा तीन विजेताले क्रमशः २५ हजार, १५ हजार र १० हजार पुरस्कार प्राप्त गर्नेछन्।

'फिल्मले भ्युज ,कमेन्ट र सेयरको आधारमा उत्कृष्ट हुने तीन युट्युब च्यानल , फेसबुक र टिकटकरलाई फिल्मको प्रिमियर सोमा रेडकार्पेटसहित आकर्षक पुरुस्कार प्रदान गरिनेछ' सेनले जनाए।

निर्माता अनन्तमान श्रेष्ठका अनुसार यो अफर वैशाख तीन गतेदेखि सुरु भएर साउन २५ गते सम्म चल्नेछ। चलचित्रको टिजर यही तीन गते तीन बजे सार्वजनिक हुँदै छ। श्रेष्ठका अनुसार टिजर सामाजिक सञ्जालमा सेयर गर्दा ह्यासट्याग प्रेमगन्ज भदौ ३, प्रेमगन्ज हेर्ने दिन भनेर फिल्मको अफिसियल पेजमा मेन्सन गर्दै सेयर गर्नुपर्नेछ। भिडियो बुढासुब्बा युट्युब च्यानलबाट डाउनलोड गरेर अपलोड गर्न सकिने पनि निर्माण टिमले जनाएको छ।

परिच्छेद सेनकै लेखन रहेको यो चलचित्रबाट बैंकर पृष्ठभूमिका तेज गिरीले डेब्यू गर्दैछन्। फिल्ममा बेनिशा हमाल, सम्पदा बानियाँ, पबन भट्टराई, सुप्रिया खनाल, राइडर प्रशान्त, सिमरन खड्का आदि कलाकारको अभिनय रहेको छ। यस्तै, फिल्ममा नरेश पौडेल, रश्मी भट्ट, सञ्जोग रसाइली, गीता अधिकारीको पनि अभिनय देख्न सकिन्छ।

स्पट ब्यायका रुपमा लामो समय काम गरेका राजु फुयालको प्रस्तुति रहेको फिल्म चलचित्र चौतारीको ब्यानरमा बनेको हो। यस चलचित्रका कार्यकारी निर्माता अनन्तमान श्रेष्ठ हुन्। सञ्जय लामाको छायांकन रहेको फिल्म डेढ करोडको लगानीमा बनेको हो।

## 'दरबार सिनेम्याक्स' शुरु




**काठमाडौं/मस–** बिहीबारदेखि दरबारमार्गस्थित दरबार मलमा अत्याधुनिक सुविधा सम्पन्न मल्टिप्लेक्स सिनेमा हल 'दरबार सिनेम्याक्स' संचालनमा आएको छ। विगत अढाई दशकदेखि ग्वार्कोमा गुण सिनेमा हल संचालन गरिरहेको गुण ग्रुपकै स्वामित्वको 'दरबार सिनेम्याक्स'को व्यवस्थापन भने क्युएफएक्सले गरेको छ।

५० र ५३ सिट क्षमताका दुईवटा हलमा अत्याधुनिक प्रविधिका साउन्ड सिस्टम, फोल्डिङ सिट र स्क्रिन जडित छन्। 'दरबार सिनेम्याक्स' का प्रबन्ध निर्देशक दीप्रश शाक्यले दर्शकले हलमा आफ्नो इच्छा अनुसार सिट फोल्ड गरेर फिल्म हेर्न पाउनुका साथै अर्डरअनुसार सिटमै खाना लगायतका सेवा समेत उपलब्ध रहेको जानकारी दिएका छन्।

प्रबन्ध निर्देशक शाक्यले दर्शकको रुची, सुरक्षा, गुणस्तरीय प्रविधि र सुविधालाई ध्यानमा राख्दै लक्जरीयस् हल संचालनमा ल्याइएको बताए। 'ए मेरो हजुर-४' र 'केजीएफ-२'बाट औपचारिक प्रदर्शन थालिएको पहिलो दिन बिहानको शोदेखि नै दुबै हल हाउसफूल भएको जानकारी उनले दिएका छन्।

## 'कैदीको पत्र'का पोस्टरहरु रिलिज

**काठमाडौं/मस–** सनमकुमार बैराग निर्देशित नेपाली फिल्म 'कैदीको पत्र'का पोस्टरहरु रिलिज भएका छन्। नयाँ बर्षको अवसरमा तीनवटा फरक-फरक डिजाइनका पोस्टरहरु रिलिज गरिएको हो। यो फिल्मको रिलिज मिति भने तय भएको छैन। साहित्यकार स्व. इश्वर मानन्धरको चर्चित कथा 'कैदीको पत्र' मा आधारित यो फिल्ममा पटकथा र संवाद निर्देशक बैरागकै रहेको छ। यो फिल्म स्कटल्याण्डको क्रिफ, आवरफेल्दी, केनमोर, ओवन, किलिङ्ग, ग्लास्कोलगायतका स्थानमा खिचिएको छ। बेलायती कलाकार माडिशन लाजारोश, क्यारी डुड्स, लरेन्स वेस्टवरी, फस्तासका साथमा नेपाली कलाकारहरु सुवर्ण थापा, सलिना थापामगर, कुनाल बिश्व, पृथ्वीराज खत्री, चरण प्रधान, मनिष श्रेष्ठ, प्रसुना कँडेल, सुस्मिता थापा, बिभिया श्रेष्ठ, बिजया श्रेष्ठ, कलिना श्रेष्ठ तथा बालकलाकार किरण कार्की र तपस्या शिवाकोटीले अभिनय गरेका छन्। बेलायतका लागि तत्कालीन नेपाली राजदूत दुवसु क्षेत्री समेत राजदुतकै भूमिकामा छन्।

३५ प्रतिशत अंग्रेजी भाषा रहेको यो फिल्म माया, प्रेम, पारिवारिक सम्बन्ध लगायतका बिषयमा केन्द्रित रहेको निर्देशक बैरागले बताए। रामेश्वर कार्कीले छायांकन गरेको यो चलचित्रको निर्माता हिराल जोशी, नानी हेरा, कैलाश बिश्वकर्मा र दील घले हुन्।

## दाङमा ऐतिहासिक थारु मादल 'मन्ड्रा' प्रशिक्षण सम्पन्न




**काठमाडौं/मस–** लुम्बिनी प्रदेशस्तरीय मौलिक नेपाली लोकबाजा थारु मदल 'मन्ड्रा'दाङ घोराही उपमहानगरपालिका गुलरीयामा संचालन भएको प्रशिक्षण कार्यक्रम वैशाख १ गते औपचारिक रुपमा समापन भएको छ। नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजना तथा थारु कल्याणकारी सभा दाङको स्थानीय ब्यवस्थापनमा संचालित उक्त कार्यक्रम चैत २२ बाट सुरु भएको थियो। लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका २८ जना थारु समुदायका महिला तथा पुरुष सहभागी प्रशिक्षार्थीलाई प्रशिक्षक बरिष्ठ ताल बादक खड्ग बुडा मगरले सैद्धान्तिक तथा ब्यावहारिक ज्ञानको तालिम दिनु भएको थियो।

समापन समारोह प्रतिष्ठानका संगीत विभाग प्रमुख तथा कार्यक्रम संयोजक अशोक कुमार राईको सभापतित्व तथा राष्ट्रिय नाचघर काठमाडौंका अध्यक्ष प्रेमनाथ अधिकारीको प्रमुख आथित्यतामा भएको थियो। समापन समारोहमा प्रशिक्षार्थीहरुले तालिममा सिकेका त्रसान, सखियापैया, ठरपैया, मघौटाका विभिन्न तालहरु स्वरलिपी हेरेर मादल बादन गरेका थिए। प्रमुख अतिथी प्रेमनाथ अधिकारी, थारु कल्याणकारीणि सभा दाङका अध्यक्ष भुवन चौधरी, प्राज्ञ डा. गोबिन्द आचार्य, प्रेस चौतारीका केन्द्रिय उपाध्यक्ष सबिन प्रियासन, दाङ उद्योग बाणिज्य संघका उपाध्यक्ष अनिल आचार्य लगायत स्थानीय समाजसेवीहरुले समापन कार्यक्रमलाई सम्बोधन गर्नु भएको थियो। ऐतिहासिक थारु मौलिक बाजा मादल 'मन्ड्रा' प्रशिक्षण पहिलोपटक स्वरलिपी तयार गरि १० दिनसम्म प्रशिक्षण गरिएको थियो।

दाङ घोराहि स्थित काबिला रिसोर्टमा आयोजित समापन कार्यक्रम थारु कल्याणकारीणि सभा क्षेत्र नम्बर २ का अध्यक्ष अनिल चौधरीको स्वागत मन्तब्यबाट सुरु भएको कार्यक्रमलाई प्रशिक्षार्थी तथा कार्यक्रमका संयोजक कुलबिर चौधरीले सञ्चालन गर्नु भएको थियो भने प्रशिक्षार्थीहरुलाई प्रमुख अतिथि प्रेमनाथ अधिकारीद्वारा प्रमाणपत्र प्रदान गरिएको थियो।

## सोनू कक्कडको 'शनिबारको दिन'



**काठमाण्डौं/मस-** लोकप्रिय बलिउड गायिका सोनू कक्कड र गायक मनिष श्रेष्ठको स्वरमा रहेको 'शनिबारको दिन' बोलको नयाँ गीत सार्वजनिक भएको छ। गीतमा मनिष श्रेष्ठको संगीत र दिपक सापकोटाको शब्द रचना रहेको छ। प्रेम र रोमान्सलाई गीतमा देखाउन खोजिएको छ। आम दर्शक तथा स्रोताको चाहना बमोजिमको गीत निमार्ण भएको कारणले मन पराउनेमा आफु निकै आशावादी रहेको गायक मनिषले बताए।

बासु बरालको छायाँकन, सियोन श्रेष्ठ कोरियोग्राफी, शिलन लम्सालको सम्पादन रहेको गीतलाई आकर्षक रुपमा तयार गरिएको छ। गीतको भिडियोलाई गायक मनिष श्रेष्ठ ले नै निर्देशन गरेका हुन्।

भिडियोमा सुशान्त खत्री प्रदिप लामा सन्तोशी कार्की, रोशनी तामाङ्ग ,सानू कार्की, गणेश पराजुली, राम कडेल र मनिष श्रेष्ठ को पनि अभिनय हेर्न सकिन्छ भने साथै बाल कलाकारको रुपमा प्रकाश बस्नेतको अभिनय देख्न सकिन्छ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं।
- स्थानीय स्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**